# सहकारीमा स्वैच्छिक तथा खुला सदस्यता: एक विश्लेषण

- कैलाशभक्त प्रधानाङ्ग



**परिचय**

अन्तर्राष्ट्रिय सहकारी महासंघ (International Cooperative Alliance) बाट प्रतिपादित सहकारीका सातवटा सिद्धान्तहरुमध्ये स्वैच्छिक तथा खुला सदस्यता Voluntary & Open Membership एक प्रमुख सिद्धान्त हो । यसलाई सहकारीको पहिलो सिद्धान्त First Principle पनि भन्ने गरिन्छ । यहां सहकारीको पहिलो सिद्धान्तको समग्र पक्षमा छलफल गर्ने प्रयास गरिएको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले "स्वैच्छिक तथा खुला सदस्यता"लाई निम्न वमोजिम उल्लेख गरेको छ । "Cooperatives are voluntary organizations, open to all persons able to use their services and willing to accept the responsibilities of membership, without gender, social, racial, political or religious discrimination." अर्थात् सहकारीहरु स्वैच्छिक संगठनहरु हुन , तिनीहरुबाट प्राप्त हुने सेवा सुविधाहरु उपभोग गर्न तथा सदस्यताको उत्तरदायित्व बहन गर्न चाहने सवै व्यक्तिहरुको लागि लैङ्गिक, सामाजिक, जातीय राजनैतिक तथा धार्मिक भेदभाव विना खुला रहन्छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले गरेको सहकारीको पहिलो सिद्धान्तको व्याख्यालाई सुक्ष्म ढङ्गले केलाउने हो भने सहकारी संगठनमा निम्नलिखित विशेषताहरु निहित रहेको देखिन्छ । (अन्तर्राष्ट्रिय सहकारी महासंघले अंग्रेजी शव्द "Organization" को प्रयोग गरेकोले यहां "सहकारी संगठन " शव्दको प्रयोग गरिएको छ । "सहकारी संगठन" शव्दले हाम्रो सन्दर्भमा सहकारी संस्था वा संघलाई सम्झनु पर्दछ ।)

१. **स्वैच्छिक संगठन :**

सहकारी संगठनको सदस्य हुने वा नहुने व्यक्तिको इच्छामा निर्भर रहन्छ । आफूलाई हित हुने भए सहकारी संगठनको सदस्य वन्ने र हित नहुने भए सदस्य नवन्ने हो । सदस्य भइसकेको व्यक्तिलाई पनि सहकारी संगठनको सेवा भविष्यमा आवश्यक छैन भन्ने लागेमा आफ्नो स्वविवेकले कुनै पनि वेला सदस्यता त्याग गर्न सकिने भएकोले नै सहकारीलाई स्वैच्छिक संगठन भनिएको हो । सहकारीको सदस्य भइसकेपछि आफ्नो हितको साथै अन्य सदस्य र सहकारीको हितलाई ध्यान दिने गर्दछ ।

२. **सेवा सुविधाको उपभोग गर्नुपर्ने**

सहकारी संगठनले आफ्ना सदस्यहरुका लागि व्यवसाय मार्फत केही सेवा सुविधाहरुको व्यवस्था गरेको हुन्छ । सहकारी संगठनको सदस्यले ती सेवा सुविधा उपभोग गर्नु पर्दछ र त्यसको लागि सदस्य सक्षम हुनु पर्दछ । सहकारी संगठनको सेवा सुविधा उपभोग गर्न नसक्ने व्यक्ति सहकारी संगठनको सदस्य नहुनु श्रेयस्कर हुन्छ ।

* लेखक: नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका पूर्वअध्यक्ष हुनुहुन्छ । प्रस्तुत लेखमा व्यक्त गरिएका विचार लेखकका निजी विचार हुन् - सम्पादक ।

### ३. सदस्यको जिम्मेवारी वहन गर्नुपर्ने

सहकारी संगठनको प्रत्येक सदस्यले आफू सदस्य रहेको सहकारी संगठनको विकास तथा उन्नतिका लागि जिम्मेवारी वहन गर्नु पर्दछ । जस्तै वार्षिक साधारण सभामा अनिवार्य रुपमा भाग लिने, निर्वाचनमा भाग लिने,विनियम तथा नीति अनुसार शुल्क बुझाउने, तालिममा सहभागी हुने, कार्यक्रममा सहयोग गर्ने, नियमित बचत रकम बुझाउने, ऋणको सांवा, व्याज र किस्ता समयमा बुझाउने, सहकारी संगठनको सकारात्मक पक्षको वकालत गर्ने र सहकारी संगठनको कारोवारको सम्बन्धमा जानकारी राख्ने आदि ।

### ४. सहकारी संगठनमा खुल्ला सदस्यता

सहकारी संगठनको विनियममा तोकिएको योग्यता पुगेका सवै व्यक्तिलाई सहकारी संडगठनको सदस्यता खुल्ला रहन्छ । सहकारी संगठनको सदस्य हुन सहकारी ऐन र सहकारी नियमावलीले व्यवस्था गरेको शर्तलाई पूरा गर्नुपर्ने हुन्छ । सहकारी संगठनको कार्यक्षेत्र भित्र स्थायी वसोवास गरेको तोकिएको शेयर खरिद गर्ने व्यक्तिको लागि खुल्ला हुने गर्दछ । सहकारी संगठनको सदस्यता योग्यता पुगेका व्यक्तिलाई विनियम वमोजिम खुल्ला रहेको हुन्छ । सहकारी संगठनमा अन्तरनिहित खुल्लापनको व्यवस्थाले सहकारी संगठनको गतिविधिहरुमा पारदर्शिता मांग गरेको हुन्छ ।

तर खुल्ला सदस्यताको अर्थ जो सुकैले पनि सदस्यता प्राप्त गर्न सक्दछन भन्ने होइन । खुल्लाको अर्थ अवाञ्छित गतिविधिमा लागेका, समाजलाई दुषित गर्ने काममा लागेका, समाज र समुदायले तिरस्कार गरेका, व्यक्तिगत आचरण खराब भएका, सहकारी संगठनको सेवा तथा सुविधासंग असम्बन्धित भएका व्यक्तिलाई पनि सदस्यता खुल्ला रहेको भन्ने अर्थमा लिनु हुंदैन । खुल्लाको अर्थ चरित्रहीन, नैतिकपतन र गैरजिम्मेवार व्यक्तिलाई पनि खुल्ला रहन्छ भन्ने आशय होइन । सहकारीको खुल्लापनले समाज र समुदायलाई मर्यादित एवं सुसंस्कृत वनाउन योगदान पुऱ्याएको हुन्छ ।

### ५. लैङ्गिक भेदभाव नहुने

सहकारी संगठनको सदस्यता प्रदान गर्दा लैङ्गिक भेदभाव गर्न हुंदैन भन्ने सहकारीको पहिलो सिद्धान्तले प्रत्याभूति गरेको छ । सवै व्यक्तिहरु चाहे पुरुष होस वा महिला होस वा तेस्रो लिङगी होस विना भेदभाव सदस्यता प्रदान गर्नु पर्छ । तर यहां एउटा प्रश्न उठ्न सक्छ कि महिलाहरु मात्र मिली दर्ता गरेका सहकारी संगठनमा पुरुषलाई सदस्यता प्रदान गर्नु पर्ने हो वा होइन । सहकारीको पहिलो सिद्धान्तले महिलाहरु मात्र सदस्य रही संचालन गरेको सहकारी संगठनमा सहकारी सिद्धान्त अनुसार पुरुषलाई पनि सदस्यता दिनु पर्दछ । तर सहकारीले कुनै पछाडि परेको वर्गको उत्थानको लागि विशेष व्यवस्था गरेको सन्दर्भमा त्यस्तो भेदभावालाई क्षम्य भेदभाव Accepted Discrimination भनि स्वीकार गरिएको छ । विकासोन्मुख मुलुकहरुका पछाडि परेका महिला वर्गको उत्थानको लागि महिलाले मात्र संचालन गरेको सहकारी संगठनलाई सहकारी क्षेत्रमा स्वीकार गरिएको छ ।

### ६. सामाजिक भेदभाव नहुने

सामाजिक शव्दको अर्थ समाजसंग रहेको हुन्छ । समाजसंग मानिसको बहुआयामिक सम्बन्ध रहेको हुन्छ । सामाजिक शव्दले मानिसको विकासको लागि समाजमा रहँदा गर्नुपर्ने व्यापक सम्बन्धलाई जनाउंछ ।

“सामाजिक” विशेषण शब्द हो । यस शब्दसंग अर्को शब्द जोडिएपछि मानिसको विभिन्न प्रकारका काम, कर्तव्य र दायित्व वारे बोध गराउछ । जस्तै सामाजिक सुरक्षा, सामाजिक कल्याण, सामाजिक भावना, सामाजिक परिवर्तन, सामाजिक न्याय (गरीबलाई सहयोग गर्ने र महिलालाई कामको आधारमा उचित ज्याला दिने) सामाजिक अस्तित्व, सामाजिक चेतना, सामाजिक उत्तरदायित्व (यस अन्तर्गत कान्तिपुर पव्लिकेशन प्रा.लि.ले सामाजिक उत्तरदायित्व अन्तर्गत रु १२ लाख एक विद्यालयलाई सहयोग प्रदान गरेको २०६८।११।७ को कान्तिपुर पत्रिकामा प्रकाशित) सामाजिक आन्दोलन, सामाजिक क्रान्ति, सामाजिक मनोविज्ञान( म्यालेन्टाइन डे स्वस्थ प्रेम आदान प्रदान गर्ने दिनको रुपमा भन्दा पनि यौनजन्य सम्बन्धसंग जोडिएको भनि नागरिक पत्रिकामा मिति २०६८।११।३ मा प्रकाशित) सामाजिक कार्यकर्ता, सामाजिक गतिशिलता, सामाजिक परिचालन,सामाजिक परिस्थिति, सामाजिक पुनः संरचना, सामाजिक मानसिकता, सामाजिक  श्रेणी, सामाजिक विभेद, सामाजिक स्तरीकरण (Social Stratification) समाजलाई तह वा वर्गमा विभाजन गर्नु सामाजिक स्तरीकरण हो) सामाजिक सम्बन्ध ,सामाजिक साम्राज्यवाद,(पूर्व सोभियत संघलाई सामाजिक साम्राज्यवादको आरोप लाग्ने गरेको थियो।) आदि रहेका छन् । यस्ता थुप्रै शब्दहरुको बारेमा चर्चा परिचर्चा समाजमा भइ रहेको पाउन सकिन्छ । यसको अतिरिक्त कसैले जिम्मेवारी कुनै पनि नलिने कामै, नगरे पनि बढी लाभ वा सम्मान पाउने तर कसैले कढी परिश्रम गरे तापनि उचित प्रतिफल नपाउने र त्यसको मूल्यांकन समेत नहुने यस्तो विभिन्न प्रकारको सामाजिक भेदभाव सहकारीमा अस्वीकार गरिन्छ ।

मानव समाजलाई स्वस्थ, शान्तिमय, सदभावपूर्ण, समृद्धिमय वनाउन समाजमा विभिन्न सामाजिक चलनहरु प्रचलनमा रहेका छन् । नेपालमा विभिन्न जातिहरुमा भौगोलिक स्थान अनुसार आ-आफ्नो किसिमका चलनहरु रहेका छन् । जातीय आधारमा रीतिस्थितिहरु, चलनहरु, प्रथाहरु र व्यवस्थाहरु रहेका छन् । यस्तै भौगोलिक स्थान अनुसार पनि रीतिस्थिति चलन प्रचलनहरुको साथै खाना तथा पहिरन रहेका छन् । यी चलनहरु मध्ये कुनै कुनै चलन आजकल कुरीतिको रुपमा लिइन्छ । त्यस्ता चलन आज इतिहास वनिसकेका छन् । विज्ञान र प्रविधिको विकाससंगै सामाजिक मान्यता र व्यवहारमा परिवर्तन भएका छन् । शिक्षा प्राप्त गर्नेमा पनि भेदभाव, स्वास्थ्य उपचारमा पनि भेदभाव, पुजा गर्नेमा पनि भेदभाव, यज्ञको सम्पादन बाहुनले मात्र गर्न सक्ने, बाहुनबाट गरेकोलाई  धेरैजसो सामाजिक व्यवहारमा बढी शुद्धता हुने सामाजिक मान्यता रहेको पाइन्छ । वास्तवमा यस्तो प्रचलन मल्लकालीन राजा जयस्थिति मल्लले (ने.सं ५००-५४२) आफ्नो शासनकालमा वर्णश्रमको आधारमा सामाजिक चलन तथा प्रथाको प्रारम्भ गरेको भन्ने नेपालको इतिहासमा उल्लेख छ । यसले कुनै कार्य गर्न कुनै जातलाई निषेध गरेको छ । यस्तो प्रकारको निषेध वा भेदभाव सहकारीमा गर्न नहुने स्पष्ट व्यवस्था गरेको छ । तीब्र शहरीकरण, संचार क्षेत्रमा तीव विस्तार, शिक्षामा सर्वसाधारणको पहुंच बढ्नाले सामाजिक मान्यता र व्यवहारमा पनि परिवर्तन हुंदै आएको छ । सामाजिक व्यवहार अन्तर्गत विबाहमा दुलही ल्याउन उडिँकाठ वा डोली लिएर जाने परम्परामा परिवर्तन भई मोटर कार लिएर जाने प्रचलन चलेको छ । यसलाई विकासको प्रभाव मान्न उपयुक्त होला ।

७. **जातीय भेदभाव नहुने :**

विश्वका कतिपय मुलुकहरुमा जातीयताको आधारमा सेवा र सुविधामा पनि भेदभाव भएको पाइन्छ । एउटै काममा पनि उच्च जातिका मानिसलाई बढी सुविधा र तल्लो जातिका मानिसलाई कम सुविधा दिने

प्रचलन पाइन्छ । एक देशका नागरिक र अर्को देशका नागरिकलाई दिने सुविधा पनि फरक रहेका छन् । उदाहरणको लागि ब्रीटिश सैनिक र गोरखाली सैनिकमा एउटै काममा पनि तलब र पेन्सनमा भेदभाव रहेको भनि गोरखाली सैनिकले आन्दोलन गर्दै आएका छन् । अफ्रिकी महादेशको रुवाण्डामा तुत्सी र हुतुहरुको बीचमा रहेको भेदभावले जातीय युद्ध नै शुरु भयो । मुस्लिम मुलुकहरुमा सिया र सुन्निको नाममा जातीय नरसंहार भयो । हिन्दु र मुसलमानको कारण भारतबाट छुट्टै राष्ट्रको पाकिस्तान वन्यो । इराकमा सिया र सुन्नि र कुर्दिसका बीचमा हत्याको घटना भईरहन्छ । बडामहाराज पृथ्वीनारयण शाहले नेपाललाई चार जात छत्तीस वर्णको फुलवारी भनेका थिए । चार जात भन्नाले ब्राम्हण, क्षत्रीय, वैश्य र शूद्रलाई संकेत गरिएको हुन सक्छ (पेज नं ६५५ भगवत गीता) । यस्तै दक्षिण अफ्रिकामा रंगभेद नीतिको कारण काला जातिले स्वातन्त्रताको आन्दोलन गरे स्वतन्त्रता समेत प्राप्त गरे ।

यस्तै जातीय प्रथा अन्तर्गत सामाजिक प्रचलन भएको नेपाल जस्तो मुलुकमा उच्च जातको महिलाले नीच जातको पुरुषसंगको विबाहलाई अपराध मानी सजाय समेत हुने गर्दथ्यो । यस व्यवस्थालाई २०२० साल भाद्र १ गतेदेखि लागू भएको मुलुकी ऐनले छुवाछुत प्रथालाई खारेज गऱ्यो । कानुनतः उच्च जातले तल्लो जातको महिलासंग विबाह गरेकोमा वा तल्लो जातका मानिसले माथिल्लो जातको महिलासंग विबाह गरेको खण्डमा अपराध नहुने भयो । तर व्यवहारमा पूर्णता आउन सकेको छैन । तल्लो र माथिल्लो जातको सामाजिक भेदभावको अवशेष अझै पनि बांकी नै छन् । छुवाछुत प्रथा शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा अझै पनि व्याप्त रहेको पाइन्छ । सहकारीमा सहकारीको सेवा सुविधा र सदस्यता वितरणमा कुनै पनि प्रकारको जातीय भेदभाव गरिदैन/गर्नु हुंदैन ।

८. **राजनैतिक भेदभाव नहुने :**

विश्वमा राज्य सत्तामा रहेका व्यक्तिहरु उच्च वर्गमा परिणत भए भने राज्य सत्ताबाट बाहिर रहेका शासित वर्गमा परिणत भए । यस्तै वर्गका आधारमा ब्रिटेनमा टोरी वर्ग र व्हिग वर्गले आ-आफ्नो वर्गको रक्षा तथा स्वार्थको लागि राज्य सत्तामा पुग्न राजनैनिक दलको विकास गरे । आजकल प्रायः गरेर सबै मुलुकहरुमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा राजनैतिक दलहरु मार्फत राज्यसत्तामा पुग्ने कार्य भईरहेको देखिन्छ । बहुदलीय शासन प्रणाली भएका मुलुकहरुमा धेरै पार्टीहरु रहेका छन् । विकासोन्मुख देशहरुमा अझ बढी राजैनिक पार्टीहरु खुलेको देखिन्छन् । हाम्रै देश नेपालमा ३० भन्दा बढी पार्टीहरु व्यवस्थापिका संसदमा रहेका थिए । ती राजनैतिक पार्टीहरुले प्रायः गरेर आ-आफ्नो पार्टीका मानिसहरुलाई मात्र राज्यको श्रोत साधनमा पहुंच पुऱ्याउने कार्य गरी रहेको आरोप लाग्ने गरेको छ । यस्ता कुराहरु सहकारी संगठनमा अस्वीकार्य रहेका छन् । सहकारीमा राजनैतिक तटस्थता रहनु पर्छ । कसैले पनि सहकारीलाई राजनैतिक स्वार्थको लागि प्रयोग गर्नु हुदैन ।

९. **धार्मिक भेदभाव नहुने :**

विश्वमा विभिन्न प्रकारका धार्मिक आस्था तथा मान्यता बोकेका मानिसहरु रहेका छन् । तिनीहरुले आफ्नो धार्मिक आस्था तथा मान्यताका आधारमा समाजमा आ-आफ्नै किसिमका सामाजिक व्यवस्थाहरु प्रचलनमा ल्याएका छन् । धर्म अनुसार सांस्कृतिक प्रचलन पनि हुने गरेका छन् । कोही हिन्दु धर्माबलम्बी, कोही मुस्लिम, कोही क्रिस्चियन, कोही बौद्ध धर्मालम्वी आदि रहेका छन् । धर्मको नाममा धेरै युद्धहरु भएको इतिहास

छन् । त्यसैले आधुनिक सहकारीका अग्रजहरु रोचडेलीहरुले सहकारीमा धार्मिक तटस्थता रहने नियम बनाएका थिए । सहकारीमा कुनै पनि प्रकारका धार्मिक भेदभाव नहुने नियम बनाइएको थियो । यस व्यवस्थालाई सहकारी सिद्धान्तको निर्माण गर्दा सदस्यताको आधारमा धार्मिक भेदभाव नहुने गरी सहकारीको पहिलो सिद्धान्तमा समावेश गरियो ।

**१०. नेपालमा सहकारीको पहिलो सिद्धान्तको प्रयोग**

**उपसंहार :**

स्वैच्छिक, स्वयंसेवी, स्वायत्तता र स्वतन्त्रताको सम्मिश्रण रहेको अर्थमा Voluntary लाई लिनु सान्दर्भिक हुनेछ । Voluntary शब्दले सहकारीको चौथो सिद्धान्त स्वायत्तता र स्वतन्त्रता संग सामिप्यता राखेको छ । त्यसैले Voluntary शब्दको अर्थ अन्य स्थानमा प्रयोग भएको Voluntary शब्द भन्दा अलि गहिराई र वजनदार (Weighty) भएको मान्नु पर्छ । त्यस कारण Voluntary भन्नाले सहकारीमा काम गर्ने व्यक्ति प्राय : गरेर स्वयंसेवी हुने, तिनको सहभागिता स्वैच्छिक रुपमा हुने, स्वैच्छिक भन्नाले कसैको वाह्य दबाब तथा हस्तक्षेप नभै स्वायत्त र स्वतन्त्र पूर्वक आफ्नो स्वविवेकले निर्णय हुने अवस्था हो । यस्तै खुल्ला सदस्यताले पारदर्शिता जनाउंदछ । सहकारीको प्रत्येक गतिविधि सहकारी संगठनलाई क्षति नहुने हदसम्म पारदर्शिता हुनु पर्छ ।

सदस्यको स्वतन्त्र पूर्वक आफ्नो स्व:विवेकमा हुने निर्णय र सहकारी संगठनको गतिविधि पारदर्शिता हुने कार्य नै Voluntary & open Membership सिद्धान्तको आशय हो । समग्रमा सहकारीमा जाति, लिङ्ग, धर्म, वर्ण, राजनैतिक तथा सामाजिक रुपमा कसैलाई पनि विभेद नगरिने छुट्टै दर्शन र समावेशी चरित्र अवलम्वन गरेर संचालित हुने उत्कृष्ठ पद्धति हो भनेर बुझ्न सकिन्छ। तसर्थ सहकारी सबैलाई एकै ठाउंमा मिलेर बसी आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने साझा चौतारी हो भन्ने अन्तर्राष्ट्रिय सहकारी महासंघको पहिलो सिद्धान्तले स्पष्ट पारेको छ ।

अर्कोतर्फ सहकारी संगठनमा राजनैतिक र धार्मिक तटस्थताको मान्यता रोचडेली अग्रजहरुले सहकारीको प्रारम्भदेखि नै अनुशरण गर्दै आएको विषय हो । सन् १८९५ मा अन्तर्राष्ट्रिय सहकारी महासंघको स्थापना पश्चात १८९६ मा नै अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारीमा राजनैतिक तटस्थताको घोषणा गरी सोही अनुसार हालसम्म अनुशरण गर्दै आएको छ ।

**प्रत्येक महिनाको पहिलो र तेस्रो मंगलबार साझ ६:४० देखि ६:५५ बजेसम्म कृषि कार्यक्रम अन्तर्गत प्रसारण हुने सहकारी रेडियो कार्यक्रम सुन्न नभुलौं ।**